नेपाल सरकार
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

# नेपालमा रेड प्लसबाट पर्यावरणीय पुनर्स्थापना

नेपाल सरकार
वन तथा भूसंरक्षण मन्त्रालय

## भूमिका

बजार तथा वित्तीय प्रोत्साहनद्वारा वन विनास र वन फँडानीबाट हुने उत्सर्जनको न्यूनीकरण गर्न बनाइएको कार्यविधि नै रेड (REDD) हो । यसको पूर्ण अङ्ग्रेजी रूप Reducing Emission from Deforestation and Forest Degradation हुन्छ । रेड-प्लस संयन्त्रभित्र न्यूनीकरणका लागि निम्न कार्यहरू पर्छन्:

क) वन विनासबाट हुने उत्सर्जनको न्यूनीकरण ।
ख) वन फँडानीबाट हुने उत्सर्जनको न्यूनीकरण ।
ग) कार्बन भण्डारको सञ्चय ।
घ) वन-जङ्गलको दीर्घकालीन सञ्चालन ।
ङ) कार्बन भण्डारको वृद्धि ।

## रेड प्लसको तत्परता

वन तथा भूसंरक्षण मन्त्रालयद्वारा रेड प्लसको कार्यान्वयनका लागि तीन तहका संस्था सङ्लग्न हुने व्यवस्था मिलाएको छ । यसमा रेड बहुआयामिक समन्वय तथा अनुगमन समितिले शीर्षस्थ निकायको काम गर्छ भने तल्लो तहमा रेड कार्य



दल (REDD Working Group-RWG) ले काम गर्छ । रेड वन तथा जलवायु परिवर्तन इकाइ (छोट्करीमा रेड सेल) ले यी दुवै तहलाई समन्वय गर्ने गरेको छ । तत्परता तयारी प्रस्ताव (Readiness Preparation Proposal, RPP) को विकास तथा कार्यान्वयनका लागि विश्व वैङ्क अन्तर्गतको Forest Carbon Partnership Facility (FCPF) मा नेपाल सामेल भएको थियो ।

सन् २००९ देखि रेड प्लसका विभिन्न आयामहरूको कार्यप्रणाली र संरचनाको विकासका लागि जलवायु समानुकूलन नमुना कार्यक्रम (Pilot Project for Climate Resilience-PPCR) कार्यान्वयनमा छन् । सन् २०१३ सम्ममा वन विनासबाट हुने कार्वन उत्सर्जनको न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय नीतिगत व्यवस्थाप्रति नेपाल उत्तरदायी भइसक्ने आशा गरिएको छ ।



## रेड प्लसका मुद्दाहरू

प्रत्यक्ष या परोक्ष रूपमा वन जङ्गलको पारिस्थितीकीय प्रणाली (Ecosystem) मा परिवर्तन ल्याउने कारणहरूसँग सम्बन्धित धेरै चुनौती तथा मुद्दाहरु छन् । डढेलो, अनधिकृत अतिक्रमण, अनियोजित विकास कार्यक्रम, बजार तथा नीतिगत त्रुटि आदि



कारणहरु मुख्य भए पनि यतिमै मात्र सीमित भने छैन । कम प्राविधिक क्षमता भएका विकासशील राष्ट्रहरूको सहभागितामा बाधा पुऱ्याइरहेकाले अनुगमन, रिपोर्टिङ तथा परीक्षण संयन्त्रको विकासका लागि रेड प्लसले ठोस वैज्ञानिक प्रक्रिया अवलम्वन गर्नुपर्छ ।

## रेड प्लसको आगामी कार्यदिशा

१. राष्ट्रिय रेड रणनीतिको तर्जुमा गर्ने ।
२. सबै तहमा क्षमता अभिवृद्धि गर्ने ।
३. विभिन्न भौगोलिक क्षेत्रमा वन सञ्चालन तरिका सम्बन्धी नमुना परियोजना (Pilot Project) सुरू गर्ने ।
४. वन कानुन कार्यान्वयन निकाय (Forest Law Enforcement and Governance-FLEG) लाई सुधार गर्न नीति नियमहरु बनाउँदै संस्थागत परिमार्जन गर्ने ।
५. रेड पहललाई समुदायमा आधारित अनुकूलन गतिविधि (adaptation action) सँग जोड्ने ।
६. प्रविधि हस्तान्तरणका लागि दक्षिण-दक्षिण सहकार्य (South-South Cooperation) को पहल गर्ने ।
७. वातावरणीय सेवा सम्बन्धी लागत (Payment for Environment Services-PES) लाई संस्थागत गर्ने ।

थप जानकारीका लागि:

रेशम बहादुर डाँगी
सहसचिव तथा प्रमुख
प्रमुख, रेड-वन र जलवायु परिवर्तन सेल
वन तथा भूसंरक्षण मन्त्रालय
E-mail: info@mofsc-redd.gov.np

डा. तारानिधि भट्टराई
परियोजना व्यवस्थापक
UNFCCC का लागि नेपालको रणनीतिक सहभागिता,
आई. डि. एस नेपाल
E-mail: idsnepal@wlink.com.np

Climate & Development Knowledge Network

Integrated Development Society Nepal
IDS-Nepal

This document is an output from a project funded by the UK Department for International Development (DFID) for the benefit of developing countries. However, the views expressed and information contained in it are not necessarily those of or endorsed by DFID or the members of the Climate and Development Knowledge Network, which can accept no responsibility or liability for such views, completeness or accuracy of the information or for any reliance placed on them.